जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**ईजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.४५/७३(हातहतियार)

दर्ता मिति :– २०७१/०१/३०

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.२४७४ , मिति :– २०७१/१२/०९

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले<br>**नेपाल सरकार**..........१<br>निजको प्रमाण:<br>साक्षीः प्रतिवेदक प्रहरी प्र.ह.विष्णु भारती र प्र.ज. जयराम कार्की<br>कागज...×... | ओमबहादुर शाहीको श्रीमती जि. भक्तपुर, छालिङ्ग गा.वि.स.वडा नं.५ घर भई का.जि.,का.म.न.पा.,६ रामहिटी बस्ने वर्ष ४४ की रसिला शाही ठकुरी........................................................ १<br>शिवबहादुर बस्न्यातको छोरा जि. भक्तपुर, छालिङ्ग गा.वि.स.वडा नं.५ घर भई का.जि.,का.म.न.पा.,६ रामहिटी बस्ने वर्ष ३२ को समिरबहादुर बस्नेत.................................................... १<br>टंकबहादुर शाहीको छोरा जि. भक्तपुर, छालिङ्ग गा.वि.स.वडा नं.५ घर भई का.जि.,का.म.न.पा.,६ रामहिटी बस्ने वर्ष ४५ को ओमबहादुर शाही ........................................................ १<br>निजहरुको प्रमाण:<br>साक्षीः तिलकबहादुर मगर र नुरदाश श्रेष्ठ<br>कागज ...×.... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-

कागजः

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–

१. काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा न. ६ वौद्ध, रामहिटी स्थित पूर्वमा तिनचुली तर्फ आउने जाने सडक, पश्चिममा ढुङ्गाना थरको व्यक्तिको घर, उत्तरमा घले थरको व्यक्तिको घर, दक्षीणमा नाम थाह नभएको व्यक्तिको घर तथा सडक, यति चार किल्ला भित्र पूर्व मोहडाको जिल्ला रौतहट कलकपुर स्थायी वतन भएका ओम बहादुर ठकुरी र रसिला ठकुरी समेतका परिवार बस्ने ६ तल्ले पक्की घर रहेको, सो घरको माथिल्लो तल्लामा रहेका कोठाहरु खानतलासी गर्दा सुत्ने, बस्ने गरेको कोठामा रसिला ठकुरी र निजको भाई नाता पर्ने समिर बस्नेत फेला परेको, ओम ठकुरी फेला नपरेको, उक्त कोठाको पश्चिम तर्फ कुनाको भित्तामा अडाएर राखेको मोजलको भाग ३ फिट ११ इन्च बड सहितको कुल जम्मा लम्बाई ४ फिट ११ इन्च भएको एयर गन (बन्दुक ) १ थान र टेबुलमाथी दुबै तर्फ गरी ६ वटा सिङ भएको जरायोको सिङ थान १ फेला परी सो हतियार र मालवस्तु वरामद गरी निजहरुलाई पक्राउ गरी दाखिला गरिएको छ, निजहरुले अवैध रुपमा विना इजाजत-पत्र हातहतियार ओसार पसार गरी सञ्चय गरी गैह्र कानुनी कार्य गरेकाले कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको खानतलासी/वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. मेरो र ओमबहादुर शाही ठकुरी बिच प्रेम विवाह गरी दुबै जनाले मिलेर गलैचा कारखाना संचालन गरेकोमा व्यवसाय बिग्रदै गएपछि बन्द गरी श्रीमान् आफ्नो गाँउघरतिर गई अर्को विवाह गरी गलैंचा काराखाना खोली बस्ने गर्नु भयो । कहिले काँही का.जि.,का.म.न.पा.वडा न. ६ रामहिटीमा रहेको घरमा श्रीमान ससुरा समेत आउने बस्ने कहिले काँही गाँउ घरतिर जाने गर्ने गरेकोमा करिब ६।७ बर्ष अगाडी मेरो श्रीमान् ओमबहादुर शाही ठकुरी गाँउबाट काठमाण्डौ आउदा रौतहटको घरमा राखेको जरायोको सिङ १ थान र बन्दुक १ थान कोठामा ल्याई राखेकोमा करिब डेढ महिना अगाडी देखी मेरो भाई समिर बस्नेत पनि सोही कोठामा आई बस्ने गरेका थिए । मिति २०७१।१।१३ गतेका बेलुका अ. १७:३० बजेको समयमा म र मेरो भाई समिर बस्नेत कोठामा बसी रहेको अवस्थामा प्रहरी टोली मेरो घर कोठामा आई खानतलासी गर्दा एयर गन (बन्दुक) १ थान र बन्यजन्तु ६ वटा सिङ भएको जन्तु जरायोको सिङ १ थान फेला पारी वरामद गरेर म समेतलाई पक्राउ गरेका हुन् । मैले हातहतियार राख्न पाउने अनुमती लिएको छैन, उक्त बन्दुक तथा सिङ ससुरा टंकबहादुर शाहीको पाला देखी नै राखेको हो, हाल ससुराको मृत्यु नै भई सकेको छ भन्ने समेत व्यहोराको रसिला शाही ठकुरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. मैले करिब ३ बर्ष अगाडी देखी नै मेरो श्रीमती छोरा समेतलाई का.जि.,डाँछीमा कोठामा राखी मैन बत्ती बनाउने काम गरेको हो । मेरो दिदी रसिला शाही ठकुरी मेरो जेठी दिदी हुन् । ओम शाही ठकुरी आफ्नो गृह जिल्ला रौतहट तिर नै बस्ने भएकाले म दिदी रसिलाको घर रामहिटीमा आउने जाने गरेको थिएँ । करिब डेढ महिना अगाडी मेरो श्रीमती रोजगारको लागी बिदेश गएकाले छोरालाई होस्टलमा राखी दिई म दिदीको घरमा नै गई बस्ने गरेको थिएँ । मिति २०७१।१।१३ गते बेलुका अ. १७:३० बजेको समयमा म र मेरो दिदी रसिला शाही ठकुरी कोठामा बसी रहेको अवस्थामा प्रहरी टोली उक्त घर कोठामा आई खानतलासी गर्दा एयर गन (बन्दुक) १ थान र ६ वटा सिङ भएको जरायोको सिङ १ थान फेला पारी वरामद गरेर म समेतलाई पक्राउ गरेका हुन् । मलाई अवैध रुपमा हातहतियार बन्यजन्तुको अङग संचय गरी राख्न हुदैन भन्ने थाह त थियो, दिदीको घरमा निजको ससुराको पाला देखी नै राख्ने गरेको हतियार भन्ने सुनेको हो, मैले हातहतियार राख्न पाउने अनुमती लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी समिर बस्न्यातले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. मिति २०७१।१।१३ गतेका अ. १७:३० बजेको समयमा कानुनी रित पुऱ्याई खानतलासी गर्दा सुत्ने कोठामा निज रसिला ठकुरी र निजको भाई नाता पर्ने समिर बस्नेत फेला परेको निज ओम ठकुरी फेला नपरेको, उक्त कोठाको पश्चिम तर्फ कुनाको भित्तामा अडाएर लुकाई छिपाई राखेको मोजलको भाग ३ फिट ११ इन्च बड सहितको कुल जम्मा लम्बाई ४ फिट ११ इन्च भएको एयर गन (बन्दुक ) १ थान र दुबै तर्फ गरी ६ वटा सिङ भएको खप्पर सहितको जरायोको सिङ १ थान फेला परेकोले वरामद गरी दाखिला गराएकोले निज समिर बस्नेत र रसिला शाही ठकुरी उपर हातहतियार मुद्धामा अनुसन्धान भई रहेकाले हातहतियार मुद्धाबाट छुटी जाने भएमा उपस्थित गराइने हुदा वरामद भएको ६ वटा सिङ भएको खप्पर सहितको जरायोको सिङ १ थान पठाइएको भन्ने समेत व्यहोराको जिल्ला बन कार्यालय काठमाण्डौलाई लेखेको पत्र ।

५. प्रतिवादी रसिला शाही ठकुरीको घरको कोठाबाट वरामद भएको मोजलको भाग ३ फिट ११ इन्च बड सहितको कुल जम्मा लम्बाई ४ फिट ११ इन्च भएको एयर गन (बन्दुक ) १ थान परीक्षणको लागि पठाइएको भन्ने समेत व्यहोराको केन्द्रिय प्रहरी विधी विज्ञान प्रयोगशाला, महाराजगन्जलाई लेखेको पत्र ।

६. मिति २०७१।१।१३ गतेका अ. १७:३० बजेको समयमा का.जि.,का.म.न.पा.वडा न. ६ रामहिटी स्थित रसिला शाही ठकुरीको घरको सुत्ने बस्ने कोठामा समिर बस्नेत र रसिला शाही ठकुरीको कोठाबाट एयर गन (बन्दुक) १ थान र ६ वटा सिङ भएको खप्पर सहितको जरायोको सिङ १ थान फेला पारी वरामद गरेर निजहरुलाई प्रहरीले पक्राउ गरी लगेका हुन्, निज प्रतिवादीहरुले अवैध रुपमा हातहतियार तथा वन्यजन्तुको अङ ओसार पसार गरी संचय गर्ने गरेको हुंदा निजहरु उपर कानून बमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको प्रायः एकै मिलानको बुझिएका विरध्वज तामाङ र दावादोर्जे तामाङले गरेको कागज ।

६. हातहतियार खरखजाना मुद्धाको अनुसन्धानको क्रममा खुल्न आएका ओमबहादुर शाहीको खोजतलास गर्दा गराउदा फेला नपरेकोले पक्राउ गर्न नसकिएको र निजको वतन जिल्ला रौतहट, कलकपुर गा.वि.स. वडा न. ६ स्थायी घर भई हाल का.जि.,का.म.न.पा.वडा न. ६ रामहिटी बस्ने टंकबहादुर शाहीको छोरा बर्ष ४५ को ओमबहादुर शाही भन्ने मिसील संलग्न कागजातहरुबाट खुल्न आएको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

७. प्रस्तुत मुद्दाको मिसिल संलग्न खानतलासी/वरामदी मुचल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरु रसिला शाही ठकुरी, समिर बस्न्यातको बयान, बुझिएका दावा दोर्जे तामाङ समेतका मानिसहरुको कागज समेतका मिसिल संलग्न कागजातहरुको आधारबाट मिति २०७१।१।१३ गते अन्दाजी १७:३० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. ६ रामहिटी स्थित रसिला ठकुरीको कोठाबाट अवैध बन्दुक थान १, जरायोको सिङ थान १ समेत वरामद भएको वारदात पुष्टि हुन आएकाले प्रतिवादीहरु रसिला शाही ठकुरी, समिरबहादुर बस्नेत र ओमबहादुर शाहीलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२) र ५ (१) वमोजिमको कसूरमा सोही ऐनको दफा २० (२) वमोजिम सजाँय गरी वरामद हातहतियार सोही ऐनको दफा १६ वमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

८. वरामदी मुचुल्काको सहीछाप मेरो हो, समिरबहादुर बस्न्यात मेरो भाई हुन्, निजसँग मेरो वादविवाद भएपछि समिरले प्रहरीलाई बोलाएर ल्याएर प्रहरीले २६ वर्ष अघि मेरो विवाह हुँदादेखि नै हाम्रो घरको उक्त कोठामा सजाएर राखेको उक्त एयर गन सोही दिन प्रहरीले वरामद गरेको हो । उक्त बन्दुक मलाई प्रयोग गर्न पनि आउदैन । म घरमुली व्यक्ति नभएकाले बन्दुकका विषयमा मलाई केही थाह

छैन म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी रसिला शाही ठकुरीले यस कार्यालयमा गरेको वयान ।

९. वरामदी मुचुल्काको सहीछाप मेरो हो, म दिदी रसिला ठकुरीको घरमा गई बसेको थिएँ, भान्जा अरुण ठकुरीसँग विवाद भई प्रहरी आउदा कोठामा सजाएर राखेको अवस्थामा उक्त बन्दुक ( एयर गन ) देखेकाले म समेतलाई प्रहरीले पक्राउ गरी लगेको हो । वरामद बन्दुक मेरो नभएको र मेरो घरबाट समेत वरामद नभई दिदीको घरबाट वरामद भएको, म दिदीको घरमा बसेकोले बन्दुकको विषयमा मलाई केही थाह छैन र मलाई सजाँय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी समिरबहादुर बस्न्यातले यस कार्यालयमा गरेको वयान ।

१०. प्रतिवादी रसिला शाही ठकुरी र समिरबहादुर बस्न्यातले वरामदी हतियार ( एयर गन ) को वारेमा आफुहरुलाई जानकारी नभएको, आफुहरु निर्दोष भएको भनी वयान गरेको भएता पनि मिसिल संलग्न वरामदी मुचुल्का, मौकाको वयान र बुझिएका मानिसले गरी दिएको कागज समेतका आधारमा यी प्रतिवादी रसिला शाही ठकुरी र समिरबहादुर बस्न्यातले आपसी मिलेमतो र संलग्नतामा विना इजाजत अवैध हातहतियार आफ्नो साथमा राखी हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ५(१) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मु ऐ, अ.वं.११८(५) बमोजिम प्रतिवादी रसिला शाही ठकुरी र समिरबहादुर बस्न्यातबाट जनही रु ७५,०००।- ( पचहत्तर हजार रुपैयाँ ) नगद वा सो वरावरको जेथा धरौट माँग गर्नु, सो दिए तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७१।२।१ को आदेश बमोजिम रसिला शाही ठकुरीले धरौट दाखिला गरी तारेखमा बसेका र समिरबहादुर बस्न्यात धरौट जमानत दाखिला गर्न नसकी थुनामा बसेका रहेछन् ।

११. वरामदी भएको हतियार भाँचिएको अवस्थाको हावादारी बन्दुक (Broken Factory made Airgun) भएको भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदनमा खुली आएको ।

१२. मेरो घर कोठाबाट वरामदी मुचुल्कामा उल्लेख भए बमोजिमको एयर गन वरामद भएको हुन सक्छ । उक्त एयर गन मैले जान्दा देखि नै घरमा थियो, कसले कहिले ल्याएर राखेको हो थाह छैन, उक्त एयर गन प्रयोग नगरी सजावटको रुपमा राखिएको थियो । सामान्य र प्रयोगमा नआएको एयर गन भएकाले इजाजत-पत्र चाहिन्छ भन्ने मलाई थाह भएन, इजाजत चाहिने भए मेरो बुवाले पहिले नै लिनु हुने थियो । म रौतहटमा व्यवसाय गरेर बसेको र उक्त हतियार कही कतै प्रयोग नभएकाले मलाई अभियोग दावी अनुसार सजाँय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको पछि पक्राउ परी आएका अर्का प्रतिवादी ओमबहादुर शाहीले यस कार्यालयमा गरेको वयान ।

१३. प्रतिवादी ओमबहादुर शाहीले वरामदी हतियार ( एयर गन ) लामो अवधि देखी आफ्नो घरमा राखी आएको भनी वयान गरेको देखिदा मिसिल संलग्न वरामदी मुचुल्का, र बुझिएका मानिसले गरी दिएको कागज समेतका आधारमा यी प्रतिवादी ओमबहादुर शाहीले हात हतियार खरखजाना ऐन,२०१९ को दपा ३(२) र ५(१) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी मु ऐ, अ.वं.११८(५) बमोजिम प्रतिवादी ओमबहादुर शाहीबाट रु ७५,०००।- ( पचहत्तर हजार ) नगद वा सो वरावरको जेथा धरौट माँग गर्नु, सो दिए तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७१।३।१ को आदेश बमोजिम ओमबहादुर शाहीले धरौट दाखिला गरी तारेखमा बसेका रहेछन् ।

।

१४. प्रतिवादीहरुको र मेरो घर एकै ठाउमा भएकाले पहिले देखि नै चिन्दछु, यीनीहरुको चालचलन र स्वभाव राम्रो छ, हतियार सम्वन्धी मुद्दामा प्रहरीले पक्राउ गरेको सुनेको थिए, उक्त हतियार, म उहाहरुको घरमा जादा खेलौना जस्तो विग्रीएर राखेको देखिन्थ्यो, उक्त हतियारबाट कुनै अपराधिक घटना नभएको र व्यक्तिहरु समेत अपराधिक प्रवृत्तिका नभएकाले प्रतिवादीहरुलाई अभियोग दावी अनुसार कारवाही हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीहरु रसिला शाही ठकुरी, समिरबहादुर बस्न्यात र ओमबहादुर शाहीका साक्षी तिलकबहादुर मगरले यस कार्यालयमा गरेको वकपत्र ।

१५. प्रतिवादीहरु २०/२१ वर्ष देखि नै चिन्दछु, यीनीहरुको चालचलन र स्वभाव राम्रो छ, उक्त हतियार विग्रीएकोले सजाएर राखेको देखिन्थ्यो, उक्त हतियारबाट कुनै अपराधिक घटना नभएको र व्यक्तिहरु समेत अपराधिक प्रवृत्तिका नभएकाले प्रतिवादीहरुलाई अभियोग दावी अनुसार कारवाही हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादीहरु रसिला शाही ठकुरी, समिरबहादुर बस्न्यात र ओमबहादुर शाहीका साक्षी नुरदाश श्रेष्ठले यस कार्यालयमा गरेको वकपत्र ।

१६. मिति २०७१।१।१३ को वरामदी मुचुल्काको दस्तखत म समेतको हो, उक्त मुचुल्का अनुसार म समेतबाट हतियार वरामद भएको हो, हतियार पुरानो अवस्थाको देखिन्थ्यो । प्रतिवादी समिरबहादुर बस्न्यातले घरमा झै झगडा परेको भनी खवर गरेपछि म समेतको प्रहरी टोली घटनास्थलमा पुग्दा उक्त स्थानमा हतियार भएको जानकारी हुन आई खानतलालीको प्रकृया हुदा वरामदी मुचुल्का अनुसारका हतियार समेत वरामद भएको हो भन्ने व्यहोरा समेतको जाहेरवाला प्रतिवेदक प्रहरी प्र.ह.विष्णु भारती र प्र.ज. जयराम कार्कीले यस कार्यालयमा गरेको छुट्टाछुट्टै वकपत्र ।

## ठहर

१७. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजशला समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७१।१।१३ गते काठमाण्डौं जिल्ला, रामहिटी स्थीत ओमबहादुर ठकुरी र रसिला ठकुरी समेतका परिवार बस्ने घर खानतलासी गर्दा निजहरु बस्ने घरको कोठाबाट टेवुल माथि राखेको एयर गन( बन्दुक) १ नाल फेला परेको खानतलासी वरामदी मुचुल्का र सो मुचुल्काको रोहवरमा प्रतिवादी द्धय रसिला शाही ठकुरी र समिरबहादुर बस्न्यातले सहीछाप गरेको देखिदा निज प्रतिवादीहरु रसिला शाही ठकुरी, ओमबहादुर शाही र समिरबहादुर बस्न्यातलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसूरमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१८. यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१९. प्रतिवादी समिर बहादुर बस्न्यातका तर्फबाट उपस्थित विद्धान अधिवक्ता रजिता थापा र प्रतिवादी ओम बहादुर शाहीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता दिल कुमार कार्कीले गर्नु भएको वहस जिकिर समेत सुनी मिसिल संलग्न कागजातहरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७१।१।१३ गते काठमाण्डौं जिल्ला, रामहिटी स्थित ओमबहादुर ठकुरी र रसिला ठकुरी समेतका परिवार बस्ने घर खानतलासी गर्दा निजहरु बस्ने घरको कोठाबाट एयर गन(बन्दुक) १ नालसमेत फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा प्रतिवादीद्धय रसिला शाही ठकुरी र समिरबहादुर बस्न्यातले सहीछाप गरेको देखिन्छ ।

२०. प्रतिवादी रसिला शाही ठकुरीले अनुसन्धानका क्रममा वयान गर्दा *२६ वर्ष पहिले मैले ओमबहादुर शाहीसँग विवाह गरी जाँदा उक्त घरमा हाल वरामद भएको बन्दुक थियो । उक्त बन्दुक के कुन प्रयोजनको लागि राखेको हो, सोही बन्दुक मेरा पति ओमबहादुर शाहीले ६/७ वर्ष पहिले रौतहट स्थित पुरानो घरबाट उक्त बन्दुक ल्याई राखेको हो । बन्दुक मेरो ससुराको पालादेखी नै थियो । हतियार राख्ने अनुमति-पत्र छैन* भनी खुलाई यस कार्यालयमा सोही व्यहोरासँग मिल्दो जुल्दो वयान गरी आफ्नो घर वासस्थानबाट बन्दुक वरामद भएको र आफुसँग बन्दुक राख्ने इजाजत नभएको तथ्यलाई स्वीकार गरेको देखियो ।

२१. प्रतिवादी समिरबहादुर बस्न्यातले अनुसन्धानका क्रममा वयान गर्दा *मेरो श्रीमती रोजगारको लागि विदेश गएको र छोरालाई होस्टेलमा राखी म दिदी रसिला शाही ठकुरीको घरमा गई बसेको थिएं । उक्त दिन रसिला शाही ठकुरी ( दिदी) को कोठामा बसी रहेको अवस्थामा प्रहरी घरकोठामा आई खानतलासी गर्दा एयर गन ( बन्दुक) १ नाल र ६ वटा सिंङ भएको जरायोको सिङ थान १ फेला पारी वरामद गरी म समेतलाई पक्राउ गरेको,मेरो हतियार राख्ने लाईसेन्स नभएको भनी वयान गरेका* र यस कार्यालयमा *म दिदी रसिला शाही ठकुरीको घरमा गई बसेको, भान्जा अरुणसँग वादविवाद भई प्रहरी आउदा कोठामा सजाएर राखेको उक्त बन्दुक देखेकाले म समेतलाई पक्राउ गरेको हो । वरामद बन्दुकको विषयमा मलाई केही थाह छैन । मेरो घर कोठाबाट बन्दुक वरामद भएको होइन* भनी कसूरमा इन्कार रही वयान गरेका रहेछन् ।

२२. यस कार्यालयमा पेश गरिएका अर्का प्रतिवादी ओमबहादुर शाहीले यस कार्यालयमा वयान गर्दा *उक्त वरामद भई आएको एयर गन (बन्दुक) म जान्ने भएदेखि घरमै थियो । कहाबाट, कहिले,कसले ल्यायो थाह भएन । उक्त एयरगन प्रयोग नगरी सजावटमा राखिएको थियो । हतियार धेरै पहिलादेखी घरमा थियो । एयरगन भएकाले इजाजत चाहिन्छ भन्ने थाह भएन । उक्त हतियार मेरो वुवाको पाला देखी नै रहेकाले घरमा राखी राखेको हो* भनी आफ्नो घर वासस्थानबाट बन्दुक वरामद भएको र आफुसँग बन्दुक राख्ने इजाजत नभएको तथ्यलाई स्वीकार गरेको देखियो ।

२३. वरामद भएको चिजवस्तु भाँचिएको अवस्थाको हावादारी बन्दुक (Broken Factory made Airgun) भएको भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदनमा खुली आएबाट उक्त चिज वस्तु आतहतियार भएको तथ्यमा कुनै विवाद रहेन ।

२४. प्रतिवादी समिरबहादुर बस्न्यातले घरमा झै झगडा परेको भनी खवर गरेपछि म समेतको प्रहरी टोली घटनास्थलमा पुग्दा उक्त स्थानमा हतियार भएको जानकारी हुन आई खानतलालीको प्रकृया हुदा वरामदी मुचुल्का अनुसारका हतियार समेत वरामद भएको हो भन्ने व्यहोरा समेतको जाहेरवाला प्रतिवेदक प्रहरी प्र.ह.विष्णु भारती र प्र.ज. जयराम कार्कीले यस कार्यालयमा गरेको छुट्टाछुट्टै वकपत्र मिसिल संलग्न रहेबाट प्रतिवादी रसिला शाही ठकुरी र ओमबहादुर शाहीको घर वासस्थानबाट बन्दुक वरामद भएको तथ्य थप पुष्टि हुन आयो ।

२५. माथि विवेचना गरिएका प्रमाण कागजातहरुका आधारमा प्रतिवादी रसिला शाही ठकुरीको हकमा विचार गर्दा निजको स्वामित्व/भोग रहेको बसोबास गरेको बासस्थानबाट बन्दुक वरामद भएको, वरामदी मुचुल्कामा निज प्रतिवादी रसिलाले आफ्नो घरबाट बन्दुक वरामद भएको भनी सहीछाप गरेको, वयानका क्रममा पनि आफ्नो घरबाट बन्दुक वरामद भएको तथ्यमा सावित रहेको, अर्का प्रतिवादी ओमबहादुर ठकुरीको वयानले सोही तथ्यलाई समर्थन गरेको, वादी पक्षका साक्षीहरुले

रसिलाको घरबाट बन्दुक वरामद भएको भनी यस कार्यालयमा आई वकपत्र गरेका, प्रतिवादीका साक्षीले पनि रसिलाको घरबाट बन्दुक वरामद भएको थाह पाएको भनी खुलाएकाले प्रतिवादी रसिला शाही ठकुरीले विना इजाजत हातहतियार लामो समयदेखि आफ्नो सँग साथमा राखेको पुष्टि हुन आयो । **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर प्रतिपादन भएको छ (निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । यस मुद्दामा वयान गर्दा प्रतिवादी रसिलाले *म घरमुली व्यक्ति नभएकाले बन्दुकका विषयमा मलाई केही थाह छैन म निर्दोष छु* भनी जिकिर लिएता पनि बर्षौंदेखि बिना इजाजतको बन्दुक सम्बन्धित सरकारी निकायलाई फिर्ता नगरी साथ स्वामित्वमा घरमा राख्ने कार्यलाई कुनै पनि दृष्टिकोणबाट उन्मुक्ति दिन मिल्ने देखिदैन । निजको जिकिर सन्तोषजनक र विश्वसनीय देखिएन । तसर्थ, निज प्रतिवादी रसिला शाही ठकुरीले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरित बिना लाइसेन्स हातहतियार आफूसाथ राखेको कसुर गरेको ठहर्छ ।

२६. प्रतिवादी ओमबहादुर शाहीको हकमा विचार गर्दा निजको स्वामित्वको घर भित्रबाट बन्दुक वरामद भएको, बाजे/ससुरको पालादेखी नै बन्दुक रहेको र ६/७ वर्ष पहिले श्रीमान् ओमबहादुरले रौतहट स्थित घरबाट उक्त बन्दुक काठमाण्डौं ल्याई राखेको भनी वयानमा खुलाएकी, निज ओमबहादुर शाहीले पनि आफ्नो घरमा बन्दुक रहेको भनी बयानमा खुलाएकाले माथि रसिला शाही ठकुरीको सम्वन्धमा विवेचित तथ्यहरुका आधारमा समेत प्रतिवादी ओमबहादुर शाहीले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरित बिना लाइसेन्स हातहतियार आफूसाथ राखेको कसुर गरेको ठहर्छ । वरामद भएको बन्दुक ऐ ऐनको दफा १६ बमोजिम जफत हुन्छ । सो ठहर्नाले सजाँय तर्फ विचार गर्दा वरामद हतियार घातक प्रकृतिको नदेखिएको, भाँचिएको र काम नलाग्ने अवस्थामा रहेको भन्ने परीक्षण प्रतिवेदन रहेको, घरमा सजाउने प्रयोजनको लागि राखिएको र अन्य कही कतै आपराधिक प्रयोजनमा प्रयोग भएको नदेखिदा प्रतिवादीहरुलाई कैदको सजाँय गर्दा चर्को पर्न जाने भएकाले प्रतिवादी रसिला शाही ठकुरी र प्रतिवादी ओमबहादुर शाही ठकुरीलाई ऐ. ऐनको दफा २०(२) बमोजिम जनही रु ६०,०००।- ( साठी हजार रुपैयाँ ) जरिवाना हुन्छ ।

२७. प्रतिवादी समिरबहादुर बस्न्यातका हकमा बिचार गर्दा निज प्रतिवादी अनुसन्धानका क्रममा र यस कार्यालयमा कसूरमा इन्कार रही वयान गरेका छन् । निज एक डेढ महिना पहिलेमात्र दिदीको घरमा बस्न आएको भन्ने खुल्न आएको छ । निजले वरामद भएको बन्दुक राखेको, प्रयोग गरेको भन्ने कुनै प्रमाण नदेखिएको, अन्य प्रतिवादीहरुको वयानबाट पनि बन्दुक ल्याउने राख्ने कार्यमा प्रतिवादी समिरबहादुर बस्न्यातको संलग्नता रहेको भनी खुल्न नसकेको देखिदा बन्दुक वरामद भएको घरमा बस्नु मात्रै कसूर स्थापित हुने आधार बन्न सक्दैन । त्यसर्थ प्रतिवादी समिरबहादुर बस्न्यातले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादी समिरबहादुर बस्न्यात के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग दावीबाट सफाई पाउने ठहरेकोले निजलाई अन्य मुद्दा वा कारणबाट थुना वा कैदमा राख्नु नपर्ने भए यस मुद्दाको हकमा आजै थुनाबाट छाडी दिन कारागार कार्यालयमा लेखी पठाउनु.......................................................................................१
- प्रतिवादी रसिला शाही ठकुरी र ओमबहादुर शाही के माथि इन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही ६०,०००।- ( साठी हजार रुपैयाँ ) जरिवाना हुने ठहरेकोले प्रस्तुत मुद्दाको थुनछेककमा क्रममा मिति २०७१।२।१ मा र मिति २०७१।३।१ मा निजहरुले राखेको धरौटी रकम रु ७५,०००।- (पचहत्तर रुपैयाँ) बाट निजहरुलाई भएको जरिवाना रकम राजश्वमा दाखिला गरी वाकी रकम फिर्ता पाउन ऐनका म्याद भित्र निवेदन गरेमा नियमानुसार फिर्ता दिनू...............................................................................२
- वरामद बन्दुक जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी वृत्तमा लेखि पठाउनु..........................................३
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु रसिला शाही ठकुरी र ओमबहादुर शाहीलाई पुनरावेदन म्याद दिनू.......................................................................................४
- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलामा चित्त नबुझे ७० ( सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी पुनरावेदन म्याद सहित फैसलाको जानकारी दिनु...........................................................................५
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू......................................................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .....................७

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु. भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल चैत्र ९ गते रोज २ शुभम् .......................